स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क १
(२०८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)

# मधेस प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

मधेस प्रदेशले आठ ओटै जिल्लाका प्रतिनिधिहरूमार्फत् सन् २०२४ (जनवरीदेखि मार्च) महिनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखिकरण गरी प्रत्येक तीन-तीन महिनामा मानव अधिकार स्थितिसूचक प्रकाशन गर्दै आएको छ। मधेस प्रदेशमा जनवरीदेखि मार्चसम्मको अवधिमा २ सय ५६ महिला सहित ३ सय १८ जना पीडित भएका छन्।

तीन महिनाको मानव अधिकार उल्लङ्घन तथा ज्यदतीका घटनाहरुको तथ्याङ्क विश्लेषण गर्दा मधेस प्रदेशमा अन्य पक्षबाट ३ सय १६ र राज्य पक्षबाट दुई जना गरी ३ सय १८ जना पीडित भए। जसमध्ये २ सय ५६ महिला, ५९ पुरुष अन्य पक्षबाट पीडित भए भने दुई जना पुरुष राज्य पक्षबाट पीडित भएका छन्। त्यस्तै यो तीन महिनाको अवधिमा एक ओटा आर्थिक, सामाजिक र साँस्कृति अधिकार अन्तर्गतका घटना पनि अभिलेखित छ।

इन्सेक मधेस प्रदेश कार्यालय, जनकपुरधामले सन् २०२४ जनवरीदेखि मार्चसम्मका अभिलेखित घटननाहरुको अवस्था हेर्दा मानव अधिकारको अवस्था सन्तोषजनक रहेको छैन। यस अवधिमा अन्य पक्षबाट १० महिला सहित १२ जनाको मृत्यु भयो भने एक जनाको मृत्यु राज्य पक्षबाट पनि भयो ।

जसमध्ये बरहथवा नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्>को स्तरोन्नति गर्ने विषयमा बरहथवा नगरपालिकाकासँग विवाद हुँदा काँग्रेसका कार्याकर्ताहरूले बरहथवा नगरपालिकाको कार्यालय र नगर प्रमुख कल्पना कुमारी कटवालको घरमा ढुङ्गामुढा तथा आगजनी प्रयास गरेपछि प्रदर्शनकारी र प्रहरीबीच ०८० पुस २० गते झडप भएको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले गोली प्रहार गर्दा सोही नगरपालिका वडा नं. ६ का ३१ वर्षीय जयशङ्कर साहको गोली लागि मृत्यु भयो भने प्रदर्शकारीहरुबाट १२ जना प्रहरीहरु घाइते भएको थियो। पुस २० गते प्रहरीको गोली लागी हत्या भएको घटनाको विरोधमा स्थानीय प्रदर्शनकारीहरुले पुस २२ गते इलाका प्रहरी कार्यालय बरहथवामा ढुङ्गामुढा गरेपछि प्रहरी र प्रदर्शनकारीबीचको झडपमा परी १७ जना प्रहरी घाइते भयो। घाइते प्रहरीहरुको उपचार पुस २० र २२ गते प्रादेशिक अस्पताल मलंगवामा भयो। प्रहरी प्रशासन, राजनीतिक दल र पीडित परिवारहरु बीच पुस २२ गते लिखित ११ बुँदे सहमति भए पश्चात घटनास्थलबाट शवलाई पोष्टमार्टमको लागि प्रादेशिक

अस्पताल लगिएको थियो। उक्त घटनाको इन्सेक र एडभोकेसी फोरमको संयुक्त टोलीले पुस २५ गते स्थलगत अध्ययन तथा अनुगमन गर्नुका साथै घटनाको निष्पक्ष छानविन गर्न सुझाव दिएका थिए।

यसै गरी यस अवधिमा बालअधिकारका घटनामा २३ बालिका र ६ बालक गरी २९ जना बालबालिका पीडित भएको घटना इन्सेक मधेस प्रदेश कार्यालयले अभिलेख गऱ्यो। अभिलेखित घटना अनुसार बलात्कारका घटनामा १७ र यौन दुर्व्यवहारका घटनामा पाँच जना बालिका पीडित भए भने अपहरण, बालश्रम र शारीरिक दण्ड सजायका घटनामा तीन जना बालक पीडित भयो। बेचविखन तथा ओसारपसार घटनामा एक बालिका र तीन बालक पीडित भए।

यस अवधिमा महिला अधिकारका घटनामा २ सय २० जना पीडित भए। जसमध्ये बलात्कारका घटनामा ११, बलात्कार प्रयासका घटनामा १२, कुटपिटका घटनामा दुई, "कथित बोक्सी"को घटनामा एक, घरेलु हिसाका घटनामा १ सय ९२, बहुविवाहका घटनामा दुई जना महिला पीडित भए।

मधेस प्रदेशमा अभिलेखित घटना अनुसार हिंसाका घटनामा महिला तथा बालबालिका बढी पीडित हुने गरेको पाइएको छ । समाजमा घरेलु हिंसा, दाइजो प्रथा, कथित बोक्सीको आरोप लगायतका अपराधिक घटनामा महिला पीडित हुने गरेका छन् । तसर्थ समाजमा विद्यमान कुप्रथाको अन्त्य गरिनुका साथै महिला र बालबालिकामाथि हुने हिंसाका घटनाको न्यूनिकरणका लागि सम्बन्धित ऐन तथा कानुनको प्रभावकारी कार्यान्वय हुनु पर्छ भने ग्रामिण तहसम्म सचेतनाका कार्यक्रमहरु लैजान आवश्यक छ ।

**राजु पासवान**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (जनवरी–मार्च २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | | | | ४४ | ४४ | ४४ |
| कुटपिट | | १ | १ | | ७ | ७ | ८ |
| बाल अधिकार | | | | २३ | ६ | २९ | २९ |
| अमानवीय व्यवहार | | | | ३ | | ३ | ३ |
| हत्या | | १ | १ | १० | २ | १२ | १२ |
| महिला अधिकार | | | | २२० | | २२० | २२० |
| जम्मा | | २ | २ | २५६ | ५९ | ३१६ | ३१८ |

# मधेस प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रुपले बाँच्न पाउने अधिकार**

**हत्या**

**राज्यपक्षबाट**

**सर्लाही**

बरहथवा नपा-६ का ३१ वर्षीय जयशङ्कर साहलाई प्रहरीले ०८० पुस २० गते प्रहार गरेको गोली लागी मृत्यु भयो। बरहथवा नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने विषयमा बरहथवा नगरपालिकाकासँग विवाद हुँदा कांग्रेसका कार्याकर्ताहरूले बरहथवा नगरपालिकाको कार्यालय र नगर प्रमुख कल्पनाकुमारी कटवालको घरमा ढुङ्गामुढा प्रहार गर्नुका साथै आगजनी प्रयास गरेपछि प्रदर्शनकारी र प्रहरीबिच ०८० पुस २० गते झडप भएको प्रहरीले जनायो। सो क्रममा १२ जना प्रहरी घाइते भएको इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी गङ्गाबहादुर थापाले जानकारी दिए। घाइते हुनेहरुमा ३२ वर्षीय सहायक हवल्दार सुरेश साह, ३१ वर्षीय राजेशप्रसाद यादव, २९ वर्षीय मुक्तिनाथ वामसा, ३१ वर्षीय अर्जुनकुमार पासवान, २८ वर्षीय सुशिल महतो, २९ वर्षीय विपिन साह तेली, ३२ वर्षीय प्रहरी सहायक सुलोचन कुमार यादव, ३४ वर्षीय असई भिखारी यादव, ३३ वर्षीय अर्जुनकुमार साह, २९ वर्षीय साजनदेज राय, २८ वर्षीय सोनेलाल यादव, ३१ वर्षीय दुखन यादव रहेका छन्। ११ जना घाइतेहरुको उपचार प्रादेशिक अस्पताल मलङ्गवामा भयो। तर, असई दुखन यादवको उपचार वीरगंज नेशनल हस्पिटलमा गराई थप उपचार पुस २० गतेदेखि २४ गतेसम्म काठमाँडौको वीर अस्पतालमा भएको इन्स्पेक्टर बानियाले जानकारी दिनु भयो।

उक्त घटनाको सम्बन्धमा गृह मन्त्रालयको पुस २१ गते गरेको निर्णय अनुसार गृह मन्त्रालयका सचिव थानेश्वर गौतमको संयोजकत्वमा नेपाल प्रहरीका डिआइजी सुरेन्द्र मैनाली र राष्ट्रिय अनुसन्धान विभागका निर्देशक भिमबहादुर बुढाथोकी समेतको तीन सदस्यीय छानविन समिति गठन भई सत्यतथ्य छानविन गरी सात दिन भित्र प्रतिवेदन पेश गर्न गृह मन्त्रालयले निर्णय गर्‍यो। पुस २० गते प्रहरीको गोली लागि हत्या भएको घटनाको विरोधमा स्थानीय प्रदर्शनकारीहरूले पुस २२ गते इलाका प्रहरी कार्यालय बरहथवामा ढु  ामुढा गरेपछि प्रहरी र प्रदर्शनकारीबिच झडप भएको थियो।

उक्त झडपमा इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी ४१ वर्षीय गङ्गाबहादुर थापा, धनुषा जिल्ला जनकपुरधाम उमनपा-७ का ३३ वर्षीय प्रहरी वरिष्ठ हवल्दार मोहन यादव, ३२ वर्षीय आकाश यादव, तनहुँ जिल्लाका ३१ वर्षीय मङ्गले तामाङ, पर्सा जिल्ला २९ वर्षीय बबलुकुमार ठाकुर, ३० वर्षीय विरबहादुर साह, ३१ वर्षीय नविनकुमार पण्डित, ३१ वर्षीय रामगुलाम यादव, ३० वर्षीय देवराम यादव, बारा जिल्ला कलैया नगरपालिका-६ ३१ वर्षीय कैलाश चौधरी, सिन्धुली जिल्ला कमलामाई नगरपालिका-४ का ३२ वर्षीय अर्जुन गुरुधामी, ३१ वर्षीय धिरजप्रसाद गुप्ता, ३२ वर्षीय सुधिर यादव, ३२ वर्षीय अशोक पंडित, रौतहट जिल्ला गौर नगरपालिका-८ का ३३ वर्षीय किसन साह, सप्तरी जिल्ला राजविराज नगरपालिका-६ का २९ वर्षीय अजय कुमार पासवान र २८ वर्षीय श्याम सुन्दर महतो रहेको इन्स्पेक्टर बनियाले जानकारी दिनु भयो। घाइते प्रहरीहरुको उपचार पुस २२ गते प्रादेशिक अस्पताल मलङ्गवामा भयो। प्रहरी प्रशासन, राजनीतिक दल र पीडित परिवारबिच पुस २२ गते ११ बुँदे लिखित सहमति भए पश्चात सो स्थानबाट शवलाई पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल लगिएको र पोष्टमार्टमपछि शव पाएको पीडित परिवारले जनायो।

**गोली प्रहारबा घाइते**

**अन्यपक्षबाट**

**रौतहट**

परोह नगरपालिका-९ रामपुर खापस्थित शिवम् मनी ट्रान्सफरका सञ्चालक २२ वर्षीय नितेश साहलाई ०८० चैत २ गते दिउँसो १ बजेको समयमा तीन जना भारतीय युवाहरूको समूहले गोली प्रहार गरेर घाइते बनाएको पीडितले आरोप लगाए। घाइते साहलाई उपचारका लागि तत्काल गौरस्थित प्रादेशिक अस्पतालमा लगिएपनि थप उपचारको लागि वीरगंजको नारायणी

अस्पतालमा रेफर गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी महेन्द्रकुमार श्रेष्ठले बताए। घटनामा संलग्न भारतको बिहार राज्य मोतिहारी पूर्वी चम्पारन निवासी १८ वर्षीय मनिसकुमार यादव, १९ वर्षीय राजकुमार पासवान र १७ वर्षीय बालकलाई सोही दिन रामपुर खापका स्थानीय, सशस्त्र प्रहरी बल र रामपुर खाप प्रहरी चौकीका प्रहरीले नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालय गौरमा जिम्मा लगाए। जिल्ला प्रहरी कार्यालयले घटनाबारे थप अनुसन्धान गरिरहेको एसपी श्रेष्ठले बताए। जिल्ला अदालतको चैत २८ गतेको आदेशमा आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

## कुटपिट

### राज्यपक्षबाट

#### सप्तरी

राजविराज नगरपालिका-१३ विषहरियामा ०८० माघ ८ गते भएको मधेस प्रदेश कृषि विश्वविद्यालय भवनको भूमिपूजन तथा शिलान्यास कार्यक्रममा प्रहरीको लाठीचार्जबाट मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री राजविराज नगरपालिका-९ मलेठका ४९ वर्षीय महेशप्रसाद यादवको टाउको फुट्यो। उनी कृषि विश्वविद्यालयका सहकुलपति तथा सिनेटका अध्यक्ष समेत हुन्। सहकुलपतिलाई कुनै जानकारी नै नदिई कामकाज अगाडि बढाएको भनी विरोध गर्दै आएका मन्त्री यादवको नेतृत्वमा पुगेको जुलुस सुरक्षा घेरा तोड्दै अघि बढेपछि प्रहरीले लाठीचार्ज गरेको थियो।

प्रहरीको लाठीचार्जबाट मधेस प्रदेश सांसदहरु तिलाठी कोइलाडी गाउँपालिका-४ कोइलाडीका ४१ वर्षीय सतिशकुमार सिंह, सप्तकोशी नगरपालिका-९ की ३४ वर्षीया रंजु कुमारी मण्डल खंग, सिरहाको मिर्चैया नगरपालिका-१० की २९ वर्षीया भाग्यश्री कुमारी चौधरीलाई समेत चोटपटक लाग्यो। प्रहरीको लाठीचार्जबाट मन्त्री यादवका अंगरक्षकसहित राजविराज नगरपालिका-९ का ४७ वर्षीय भुपेन्द्रप्रसाद यादव, राजविराज नगरपालिका-११ का २८ वर्षीय सचितानन्द यादव, राजविराज नगरपालिका-११ का २८ वर्षीय पप्पु यादव, कञ्चनरुप नगरपालिका-१ का ३१ वर्षीय अनिलकुमार पञ्जियार, कञ्चनरुप नगरपालिका-११ का ३५ वर्षीय रोजी सिंह, कञ्चनरुप नगरपालिका-११ का ३३ वर्षीय सम्झना राणा चौधरी, डाक्नेश्वरी नगरपालिका-५ का ४० वर्षीय अमरेन्द्र यादव, डाक्नेश्वरी नगरपालिका-६ का ३८ वर्षीय अनिल कुमार यादव, डाक्नेश्वरी नगरपालिका-६ का ३२ वर्षीय विवेक यादव, बलान बिहुल गाउँपालिका-३ का ३१ वर्षीय देबनारायण यादव, महादेवा गाउँपालिका-१ का ७० वर्षीय हनुमान मलाहा, महादेवा गाउँपालिका-३ का ५४ वर्षीय हनुमान मुखिया, महादेवा गाउँपलिकाका ३७ वर्षीय प्रमोद इशर, तिलाठी कोइलाडी गाउँपालिका-५ का ५४ वर्षीय उमेश राय, २८ वर्षीय सुरेन्द्र यादव, रामशरण महतो, सिरहाको मिर्चैया नगरपालिका-१० का ३० वर्षीय निर्मल मण्डल सामान्य घाइते भए। उनीहरुको उपचार गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा माघ ८ गते भयो।

शिक्षा मन्त्री यादवले आफूलाई जानकारी नदिएर गर्न लागिएको शिलान्यास कार्यक्रम स्थगित गर्न माघ ७ गते शिक्षा तथा संस्कृति मन्त्रालयको लेटरप्याडमा सूचना जारी गरेका थिए। मन्त्री आबद्ध जनमत पार्टीले समेत सात बुँदे माग राखी विश्वविद्यालयको राजविराज नगरपालिका-३ स्थित कार्यालयमा माघ ७ गते तालाबन्दी गरेको थियो। विरोध र विवादका बीच विश्वविद्यालय भवनको शिलान्यास र भूमिपूजन मुख्यमन्त्री सरोजकुमार यादव र जसपा अध्यक्ष उपेन्द्र यादवबाट भयो।

### अन्यपक्षबाट

#### धनुषा

मुखियापट्टी मुसहर्निया गाउँपालिकाका अध्यक्ष ४८ वर्षीय जयकुमार यादवलाई ०८० माघ ४ गते राति १२ बजे अपरिचित व्यक्तिहरूको समूहले आक्रमण गरेको छ। पीडित अध्यक्ष यादवले माघ ४ गते राति अस्पतालमा उपचारार्थ रहेका आफन्तलाई भेटी घर फर्कने क्रममा वडा नं ७ स्थित तपसीचोक नजिक १०४७ नम्बरको स्कार्पियोमा आएका अपरिचित व्यक्तिहरूले घेरा हाली आक्रमण तथा कुटपिट गरेको पीडितले आरोप लगाए। कुटपिटबाट घाइते भएका पीडितको उपचार माघ ४ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। प्रहरीको १०० नं मा फोन गर्दा पनि समयमा प्रहरी नआएको उनको आरोप छ। अध्यक्ष यादवले ०८० चैत १८ गतेसम्म लिखित उजुरी नदिएको जिल्ला प्रहरी कार्यालयका वरिष्ठ सई सिकेन्द्र कामतले बताए। चैत १८ गतेसम्म आरोपित गिरफ्तार भएनन्।

#### सर्लाही

महोत्तरी जिल्ला गौशाला नगरपालिका-३ घर भइ जिल्ला ट्राफिक प्रहरी कार्यालय लालबन्दी नगरपालिका-१ नवलपुरमा कार्यरत ३३ वर्षीय प्रहरी जवान प्रमोद महतोलाई ०८० माघ १९ गते छुरा प्रहार गरेको आरोपमा रौतहट जिल्ला राजपुर नगरपालिका-१ का ३४ वर्षीय यमामुदीन देवानलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितलाई माघ १९ गते ना. १९ प.




२५५५ नम्बरको मोटरसाइकलमा पश्चिमबाट पूर्वतर्फ आउँदै गर्दा ट्राफिक चेक जाँचको क्रममा ट्राफिक प्रहरीले जरिबाना रसिद काटेको थियो। उक्त रकम भुक्तानी गर्न कार्यालयभित्र छिरेका आरोपितले प्रहरी जवान महतोलाई छुरा प्रहार गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरका ट्राफिक प्रहरी इन्स्पेक्टर मदन थापाले जानकारी दिए। छुरा प्रहारबाट निधार, घाँटी, दाहिने हात र पेटमा चोट लागेका पीडितलाई स्थानीय स्वास्थ्य संस्थामा सामान्य उपचार गरी थप उपचार नेशनल मेडिकल हस्पिटल वीरगंजमा गरियो। आरोपितविरुद्ध फागुन १३ गते जिल्ला अदालतमा ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता भयो। जिल्ला न्यायाधीश विनोदकुमार गौतमको फागुन १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### झडप

#### सिरहा

सिरहा कारागारमा कैदीहरूका दुई पक्षबिच ०८० पुस १८ गते झडप भयो। सिराह जिल्ला कारागारमा भएका कैदीहरूका चौकीदारलाई हटाएर नयाँ चौकीदार बन्नका लागि विभाजित भएका कैदीहरूको समूहबिच झडप भएको हो। मोहमद सकिल हुसेनको समूहले आफूलाई कारागारको चौकीदार बनाउनको लागि कारागारभित्र खाना पकाउन राखिएका दाउराका चिरपटहरूले अहिलेका चौकीदार कैलाश ठाकुरको समूहलाई प्रहार गर्दा चोरी मुद्दाका सिरहा नगरपालिका-२२ का २३ वर्षीय सुनिलकुमार यादव, खुनी डाका तथा कर्तव्य ज्यान मुद्दाका सप्तरी जिल्ला सुरुङ्गा नगरपालिका-२ का ४१ वर्षीय मोहमद सकिल हुसेन र डाका तथा सङ्गठित अपराधका लहान नगरपालिका-१९ का ३३ वर्षीय जिवछकुमार साह घाइते भए। घाइते सुनिललाई पुस १९ गते मोरङ जिल्ला कारागार सरुवा गरी थप उपचार मोरङ कारागारले गराएको सूचना अधिकारी राजगिर साहले बताए। अन्य घाइतेसहित थप कैदी १० जनालाई पुस १८ र १९ गते १० जनालाई मकवानपुर कारागार सरुवा गरिएको साहले बताए।

### अपहरण तथा शरीर बन्धक

#### धनुषा

एक वर्षीय बालकलाई ०८० फागुन १२ गते अपहरण गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-२४ की ४२ वर्षीया विभादेवी मण्डललाई प्रहरीले फागुन १५ गते गिरफ्तार गर्‍यो। आफ्नै घरको प्यासेजमा खेलिरहेका बालकलाई फागुन १२ गते साँझ आरोपितले अपहरण गरेको भन्दै पीडित परिवारले बालकको खोजतलास गरिदिन र आरोपितलाई कारवाही गर्न माग गर्दै सोही दिन जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दियो। खोजतलासको क्रममा बालकलाई महोत्तरी लोहारपट्टी नगरपालिका-३ बाट आरोपित मण्डलको साथबाट फागुन १५ गते फेला पारी उद्धार गरी अभिभावकको जिम्मा लगाएको र आरोपितलाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रञ्जन आवाले बताए। जिल्ला अदालतको फागुन २६ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

### बाल अधिकार

### बेचबिखन तथा ओसारपसार

#### सर्लाही

१२ वर्षीय बालकलाई ०८० माघ २४ गते भारततर्फ बेचबिखनका लागि लैजाँदै गरेको आरोपमा गोडैता नगरपालिका-८ का ३४ वर्षीय सुकेशकुमार महतोविरुद्ध ०८० माघ २८ गते जिल्ला प्रहरी कार्यालय मलङ्गवामा पीडित पक्षले उजुरी। पीडित बालकलाई रोजगारीको प्रलोभन देखाएर भारततर्फ लैजाँदै गरेको

आवस्थामा इलाका प्रहरी कार्यालय भाडसरको टोलीले बेचबिखन प्रयास हुन सक्ने आशङ्कामा सोधपुछ गर्नका लागि रोक्न खोज्दा आरोपित महतो बालकलाई छाडेर फरार भएको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दीपेन्द्र पञ्जियार थारुले जानकारी दिनु भयो। बालकलाई उद्धार गरी उनका अभिभावकको जिम्मा लगाएको डिएसपी थारुले बताए। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

१४ वर्षीया बालिकालाई रोजगारीको प्रलोभन देखाइ चैत १२ गते होली पर्वको दिन भारततर्फ लैजाँदै गरेको आरोपमा बलरा नगरपालिका-६ का ३४ वर्षीय नरेश कुमार यादवविरुद्ध चैत १६ गते इलाका प्रहरी कार्यालय बलरामा पीडित पक्षले उजुरी दियो। पीडितलाई आरोपितले भारततर्फ लैजाँदै गरेको आवस्थामा इलाका प्रहरी कार्यालय बलराको टोलीले बेचबिखनको आशङ्कामा सोधपुछ गर्नका लागि रोक्न खोज्दा आरोपित यादव बालिकालाई छाडेर प्रहरी हवल्दार विश्वनाथ चौधरीलाई हापात गरी फरार भएको हवल्दार चौधरीले बताए। बालिकालाई तत्काल उद्धार गरी इलाका प्रहरी कार्यालय बलरामै राखिएको हवल्दार चौधरीले बताए। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

## विद्यालयमा दिइने शारीरिक सजाय

### पर्सा

वीरगंज महानगरपालिका-१९ स्थित गोल्डेन गल्ब बोर्डि स्कुलको कक्षा तीनमा अध्ययनरत १२ वर्षीय बालकलाई ०८० पुस २४ गते कुटपिट गरेको आरोपमा पीडित पक्षले सोही विद्यालयका ३२ वर्षीय शिक्षक शशी यादवविरूद्ध प्रहरीमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०८० पुस २४ गते गिरफ्तार गऱ्यो। शिक्षक यादवको कुटपिटबाट घाइते भएका बालकको वीरगंजस्थित नारायणी अस्पतालमा पुस २४ गते उपचार भयो। पीडित बालकको आँखा र शरीरको विभिन्न अङ्गमा चोट लागेको थियो। दुई दिन विद्यालय अनुपस्थित हुनुको कारण सोधपुछ गर्दै पुस २४ गते शिक्षकले पाइपले कुटपिट गरेको घाइते बालकले आरोप लगाए। बिरामी भएको कारण दुई दिन विद्यालयमा उपस्थित हुन नसकेको भन्दा भन्दै पनि कुटपिट गरेको पीडित बालकले बताए। शिक्षकबाट गल्ती भएको स्कुलका सञ्चालक लालबिहारी यादवले बताए। जिल्ला प्रशासन कार्यालय पर्साको ०८० फागुन ११ गतेको आदेशमा आरोपित १० हजार रुपियाँ धरौटीमा रिहा भए। ०८० चैत १८ गतेसम्म मुद्दाको फैसला भएन।

## बलात्कार, यौनदुर्व्यवहार

### सप्तरी

१६ वर्षीया बालिकालाई २०८० माघ १४ गते १५ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडितकी आमाले इलाका प्रहरी कार्यालय कञ्चनरुपमा माघ १५ गते उजुरी दिइन्। स्थानीयले आरोपितलाई नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएको प्रहरीले जनायो। इलाका प्रहरी कार्यालय कञ्चनरुपमा माघ १५ गते उजुरी दर्ता भयो। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा माघ १५ गते भयो। जिल्ला अदालतमा फागुन ६ गते अभियोग पत्र दायर भयो। न्यायाधीश दीपककुमार दाहालको इजलासले फागुन ९ गतेदेखि आरोपित बालसुधार गृह बिरगञ्जमा छन्।

१७ वर्षीया बालिकालाई २०८० पुस २२ गते डाक्नेश्वरी नगरपालिका-७ का ३० वर्षीय प्रवेशकुमार मण्डल र महादेवा गाउँपालिका-१ का २८ वर्षीय विराजकुमार यादवले बलात्कार गरेको भन्दै पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा माघ २२ गते उजुरी दिइन्। आरोपित प्रवेशले राजविराजमा पटक-पटक बलात्कार गरेपछि विराजको साथ लगाई घर पठाएकोमा डाक्नेश्वरी नगरपालिका-१ स्थित पाँची पुल नजिक सडकमै विराजले समेत बलात्कार गरी फरार भएको पीडितले आरोप लगाइन्। जिल्ला प्रहरी कार्यालयमा माघ २२ गते आरोपितविरुद्ध उजुरी दर्ता भयो। पीडितको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा माघ २२ गते स्वास्थ्य परीक्षण भयो। आरोपितहरू २०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

### सिरहा

१५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा सुखिपुर नगरपालिका-२ का १८ वर्षीय निकेश कुमार यादवलाई इलाका प्रहरी कार्यालय लहानले ०८० फागुन ३ गते गिरफ्तार गरे। आरोपितले बालिकालाई फागुन २ गते बलात्कार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय लहानमा फागुन २ गते उजुरी दिएको बालिकाको दाजुले बताए। बालिकाको स्वास्थ्य परीक्षण लहान स्थित प्रादेशिक अस्पतालमा फागुन २ गते भयो। घटनाको जानकारी हुनासाथ आरोपितलाई फागुन ३ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी भोलाकुमार भट्टले बताए। आरोपितलाई जिल्ला अदालत सिरहाले फागुन २७ गते पुर्पक्षको लागि थुनामा पठाउने आदेश गरेको छ।

१५ वर्षीया बालिकालाई ०८० माघ २८ गतेदेखि फागुन २ गतेसम्म बलात्कार गरेको आरोपमा गोलबजार नगरपालिका-१० का २२ वर्षीय मनोज यादवविरुद्ध फागुन ५ गते परेको उजुरी इलाका प्रहरी कार्यालय मिर्चैयाले फागुन १० गते दर्ता गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा फागुन ६ गते भयो। आरोपित फरार रहेकाले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी जितेन्द्र बस्नेतले बताए। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

११ वर्षीया बालिकालाई ०८० माघ २५ गते यौन दुर्व्यवहार गरेको आरोपमा नवराजपुर गाउँपालिका-२ का ६५ वर्षीय रामबाहादुर यादवविरुद्ध पीडित परिवारले इलाका प्रहरी कार्यालय महेशपुर पतारमा ०८० फागुन ८ गते उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिराहामा फागुन ८ गते भयो। घटना पश्चात आरोपित फरार रहेकाले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय महेशपुर पतारका इन्स्पेक्टर गोविन्दलाल कर्णले बताए। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

१३ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा ३८ वर्षीय काकाले ०८० चैत १ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले चैत ३ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दियो। आरोपितलाई इलाका प्रहरी कार्यालय लहानमा चैत ३ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी भोलाकुमार भट्टले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण लहानस्थित प्रादेशिक अस्पतालमा चैत ३ गते भयो। घटना अनुसन्धान प्रक्रियामा रहेको डिएसपी भट्टले बताए।

**महोत्तरी**

१३ वर्षीया बालिकालाई ०८० माघ २२ गते सम्सी गाउँपालिका-२ पर्साका २० वर्षीय उमैद मोमिन, २१ वर्षीय अनवर अन्सारी र भारत बिहार राज्य सितामढी जिल्ला रतनपुर पञ्चायत-१५ का २१ वर्षीय जियाउल अन्सारीविरूद्ध पीडित पक्षले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले माघ २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते प्रादेशिक अस्पताल जलेश्वरमा गरियो। आरोपितहरूविरुद्ध फागुन २१ गते जिल्ला आदालत महोत्तरीमा मुद्दा दर्ता भयो। न्यायधीश मदनबहादुर धामीको फागुन २३ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि कारागार पठाएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर महेन्द्र खडकाले बताए।

१३ वर्षीया बालिकालाई ०८० पुस २१ गते बलात्कार गरेको आरोपमा गौशाला नपा-१२ का ४५ वर्षीय उपेन्द्रसिंह कुशवाहा र १९ वर्षीय विपिन महतोविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालयमा ०८० पुस २९ गते उजुरी दियो। प्रहरीले आरोपित कुशवाहालाई पुस २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वस्थ्य परीक्षण माघ १ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। ०८० माघ २२ गते आरोपितविरुद्ध जिल्ला अदालत महोत्तरीमा मुद्दा दर्ता भयो। माघ २३  गते न्यायधीश कोशलेश्वर ज्ञवालीको इजलासले आरोपित उपेन्द्रसिंह कुशवाहालाई पुपर्क्षका लागि कारागार पठायो। अर्का आरोपित विपिन महतो ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

**सर्लाही**

१६ वर्षीया बालिकालाई ०८० माघ ३ गते बलात्कार गरेको आरोपमा ब्रहमपुरी गाउँपालिका-६ नोकैल्वाका २८ वर्षीय दिपलालकुमार साहविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा ०८० माघ १० गते पीडित पक्षले उजुरी दियो। घटनापछि आरोपित साह फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ११ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

१७ वर्षीया बालिकालाई ०८० पुस २६ गते बलात्कार गरेको आरोपमा मलङ्गवा नगरपालिका-१० का २६ वर्षीय मुकेशकुमार यादवविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा ०८० माघ १० गते पीडित पक्षले उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ११ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपितलाई चैत २ गते गिरफ्तार गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत सर्लाही जिल्ला अदालतमा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए।

१६ वर्षीया बालिकालाई ०८० माघ २३ गते बलात्कार गरेको आरोपमा मलङ्गवा नगरपालिका-३ का २५ वर्षीय कमराज अन्सारीविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा ०८० फागुन ६ गते पीडित पक्षले उजुरी दियो। घटनापछि आरोपित अन्सारी फरार भएकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ६ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

१७ वर्षीया बालिकालाई ०८० फागुन ३ गते बलात्कार गरेको आरोपमा चक्रघटा गाउँपालिका-४ का २९ वर्षीय मो. दिवान मिकरानीविरुद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालय मलङ्गवामा उजुरी दियो। घटनापश्चात आरोपित मिकरानी फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दीपेन्द्र पञ्जियार थारुले बताए। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

**रौतहट**

नौ वर्षीया बालिकालाई ०८० माघ १२ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले फतुवा विजयपुर नगरपालिका-३ का ३९ वर्षीय प्रमोद राउत कुर्मीविरुद्ध माघ १७ गते जिल्ला प्रहरी कार्यलय गौरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भएन। आरोपितलाई सोही दिन जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध सरकारी वकिल कार्यालयमार्फत माघ १७ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिल्ला अदालतको फागुन १८ गतेको आदेशमा आरोपित १५ हजार रुपियाँ धरौटी रिहा भए।

नौ वर्षीया बालिकालाई ०८० पुस २७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले १४ वर्षीय बालकविरुद्ध जिल्ला प्रहरी कार्यलय गौरमा पुस २९ गते उजुरी दियो। उजुरीका आधारमा आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २९ गते प्रदेशिक अस्पतालमा भयो। जिल्ला अदालत गौरको माघ १२ गतेको आदेशमा बालक बाल सुधार गृह वीरगंजमा छन्।

**बारा**

१३ वर्षीया बालिकालाई ०८० पुस २८ बलात्कार गरेको आरोपमा पीडित पक्षले महागढीमाई नगरपालिका-२ नयका टोलाका ३० वर्षीय आकाश मण्डलविरूद्ध जिल्ला प्रहरी कार्यालय बारामा सोही दिन उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २८ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल कलैयामा पुस २८ गते भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दधिराम न्यौपानेले बताए। आरोपितलाई माघ २२ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार कार्यालय विरगंज पठायो।

१७ वर्षीया बालिकालाई ०८० माघ १२ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले जितपुर सिमरा उपमहानगरपालिका-१२ का २१ वर्षीय आकाश महराविरूद्ध इलाका प्रहरी कार्यालय सिमरामा माघ १७ गते उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १८ गते घर नजिकैको सडकबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल कलैयामा माघ १७ गते भयो। आरोपितलाई फागुन ९ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार कार्यालय विरगंज पठायो।

सुस्त मनस्थिति भएकी १४ वर्षीया बालिकालाई ०८० चैत ८ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले कोल्बी नगरपालिका-८ नयाँ बस्तीका ३० वर्षीय प्रकाश कार्कीविरूद्ध चैत १२ गते इलाका प्रहरी कार्यालय कोल्बीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत १२ गते जिल्ला अस्पताल कलैयामा भयो। घटनाका सम्बन्धमा ०८० चैत १८ गतेसम्म अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयकी इन्स्पेक्टर बिमलाकुमारी कठायतले बताइन्।

१० वर्षीया बालिकालाई ०८० माघ १६ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले कलैया उपमहानगरपालिका -१९ इनर्वा टोलका १९ वर्षीय खुर्सेद मियाँ र सोही टोलका १८ वर्षीय राजन पण्डितविरूद्ध जिल्ला प्रहरी कार्यालय कलैयामा माघ १६ गते उजुरी दियो। आरोपितद्वयलाई प्रहरीले माघ १६ गते नै घर नजिकैको सडकबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल कलैयामा माघ २२ गते भयो। आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १६ गते मुद्दा दर्ता भयो। आरोपितहरू जिल्ला अदालतको आदेशमा फागुन १५ गते पुर्पक्षका लागि कारागार कार्यालय वीरगंज चलान भए।

१६ वर्षीया बालिकालाई ०८० माघ २४ यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले १६ वर्षीय बालकविरूद्ध माघ २४ गते इलाका प्रहरी कार्यालय सिम्रोनगढमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २५ गते घर नजिकबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल कलैयामा माघ २४ गते भयो। जिल्ला अदालतको माघ २५ गतेको आदेशमा आरोपितलाई बालसुधार गृह वीरगंजमा पठाएको जिल्ला अदालतका श्रेस्तेदार लालबहादुर कार्कीले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

#### सप्तरी

५२ वर्षीया महिलालाई २०८० पुस २९ गते बोदे बर्साइन नगरपालिका-९ महनौरीका ३६ वर्षीय कामेश्वर मण्डलले बलात्कार गरेको भन्दै पीडितले माघ १ गते इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिइन्। इलाका प्रहरी कार्यालय कडरबोनामा माघ २ गते उजुरी दर्ता भयो। आरोपित माघ २ गते गिरफ्तार भए। पीडितको स्वास्थ्य परीक्षण माघ १ गते सिरहाको लहानस्थित प्रादेशिक अस्पतालमा भयो। जिल्ला अदालतमा माघ २६ गते अभियोग पत्र दायर भयो। जिल्ला न्यायाधीश उदबीर नेपालीको इजलासबाट माघ २८ गतेदेखि आरोपित पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।


२१ वर्षीया महिलालाई २०८० पुस १६ गते बलात्कार गरेको भन्दै पीडितले ३५ वर्षीय पतिविरुद्ध इलाका प्रहरी कार्यालय कडरबोनामा फागुन ३ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा फागुन ३ गते भयो। इलाका प्रहरी कार्यालय कडरबोनामा फागुन १० गते उजुरी दर्ता भयो। आरोपितविरुद्ध अदालतबाट फागुन १० गते पक्राउ पुर्जी जारी भएको छ। आरोपित २०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

#### सिरहा

१९ वर्षीया युवतीलाई ०८० पुस २४ गते बलात्कार गरेको आरोपमा प्रहरीले सप्तरी जिल्ला सुरुङ्गा नगरपालिका-७ का ३३ वर्षीय देवेन्द्रप्रसाद चौधरीलाई ०८० पुस २४ गते गिरफ्तार गऱ्यो। पीडितले आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय लहानमा पुस २४ गते उजुरी दिएको इलाका प्रहरी कार्यालय लहानका डिएसपी भोलाकुमार भट्टले बताए। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल लहानमा पुस २४ गते भयो। जिल्ला अदालत सिरहाको आदेशमा आरोपित माघ १० गतेदेखि पुरपक्षको लागि थुनामा छन्।

२२ वर्षीया महिलालाई ०८० माघ १६ गते सुखिपुर नपा-३ का २२ वर्षीय भोला भन्ने राजकिसोर यादवले बलात्कार गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय महेशपुर पतारमा माघ १८ गते उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा माघ १८ गते भएको थियो। इलाका प्रहरी कार्यालय महेशपुर पतारका इन्स्पेक्टर गोविन्दलाल कर्णका अनुसार आरोपितलाई माघ १७ गते गिरफतार गरेको बताउनु भयो। जिल्ला अदालतको आदेशमा आरोपित फागुन १४ गते १ लाख २५ हजार धरौटीमा रिहा भए।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२४)**




२२ वर्षीया सुस्तमनस्थिती भएकी युवतीलाई ०८० फागुन १३ गते बलात्कार गरेको आरोपमा धनगढीमाई नगरपालिका-१० का ३७ वर्षीय आशाराम दासविरूद्ध चैत १४ गते इलाका प्रहरी कार्यालय लहानमा पीडित पक्षले उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १४ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी रविन्द्रराज पाण्डेले बताए। पीडित युवतीको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल लहानमा फागुन १४ गते भयो। जिल्ला अदालतको आदेशमा आरोपित चैत ११ गते देखि पुर्पक्षका लागि थुनामा छन्।

३५ वर्षीया महिलालाई फागुन १६ गते अर्नमा गाउँपालिका-२ का २५ वर्षीय शेखर शर्मा बरहीले बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालय सिरहामा ०८० फागुन १७ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा फागुन १७ गते भयो। घटना पश्चात आरोपित फरार

रहेकाले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी रविन्द्रराज पाण्डेले बताए। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

एक ३१ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा ०८० माघ २४ गते धनगढीमाई नगरपालिका-७ का ३२ वर्षीय पति राम पासवान र २७ वर्षीय सतिराम पासवानविरूद्ध पीडितले इलाका प्रहरी कार्यालय लहानमा माघ २५ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल लहानमा माघ २५ गते भएको थियो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी भोलाकुमार भट्टका अनुसार आरोपितहरूलाई माघ २४ गते गिरफ्तार गरेको बताए। जिल्ला अदालतको आदेशमा आरोपितहरू फागुन १० गते जनही ५० हजार रुपियाँ धरौटीमा रिहा भए।

३८ वर्षीया महिलालाई ०८० चैत १६ गते बलात्कार प्रयास गरेको आरोपमा सुखिपुर नगरपालिका-४ का ४३ वर्षीय फुलगेन सिंह भन्ने रामसिंह दनुवारविरूद्ध पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी दियो। आरोपितलाई जिल्ला प्रहरी कार्यालय सिरहाले ०८० चैत १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा चैत १६ गते भयो। घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका इन्स्पेक्टर उदयभान द्विवेदीले बताउनु भयो।

२२ वर्षीया महिलालाई ०८० चैत १४ गते बलात्कार प्रयास गरेको आरोपमा लहान नगरपालिका-५ का ३७ वर्षीय अर्जुन मेस्तरविरूद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा सोही दिन उजुरी दियो। आरोपितलाई इलाका प्रहरी कार्यालय लहानले ०८० चैत १४ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल लहानमा चैत १४ गते भयो। घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी विष्णुप्रसाद सोतीले बताए।

**सर्लाही**

३३ वर्षीया महिलालाई ०८० पुस २४ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले ०८० माघ २ गते कौडेना गाउँपालिका-६ इनरवाका ३१ वर्षीय नविनकुमार चौधरीविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपितलाई चैत २ गते गिरफ्तार गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत सर्लाही जिल्ला अदालतमा चैत ६ गते मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दिपेन्द्र पञ्जियार थारुले बताए। ०८० चैत १८ गतेसम्म घटना अनुसन्धानमा नै रहेको प्रहरीले जनायो।

३२ वर्षीया महिलालाई ०८० पुस १९ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले ०८० माघ २ गते कौडेना गाउँपालिका-७ सक्रौलका ३१ वर्षीय दिपा भन्ने दिपलाल यादवविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपितलाई चैत २ गते गिरफ्तार गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत सर्लाही जिल्ला अदालतमा चैत ६ गते मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए। ०८० चैत १८ गतेसम्म घटना अनुसन्धानमा नै रहेको प्रहरीले जनायो।

३४ वर्षीया महिलालाई ०८० माघ ६ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले माघ २१ गते बलरा नगरपालिका-१ हथियौलका ३६ वर्षीय महेश यादवविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा उजुरी दियो। घटनाका सम्बन्धमा उजुरी दिएको थाहा पाएलगत्तै आरोपित यादव फरार रहेकाले खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दिपेन्द्र पञ्जियार थारुले बताए। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

३६ वर्षीया महिलालाई ०८० माघ ९ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले माघ २२ गते बलरा नगरपालिका-४ का ३४ वर्षीय दिपेन्द्रकुमार सिंहविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा उजुरी दियो। घटनाका सम्बन्धमा उजुरी दिएको थाहा पाएलगत्तै आरोपित सिंह फरार रहेकाले खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दीपेन्द्र पञ्जियार थारुले बताए। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

३४ वर्षीया महिलालाई ०८० फागुन ९ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले फागुन १६ गते कौडेना गाउँपालिका-५ का ३६ वर्षीय डिकेशकुमार यादवविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा उजुरी दियो। घटनापश्चात आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा उजुरी दर्ता गराए लगत्तै आरोपित फरार भएकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दीपेन्द्र पञ्जियार थारुले बताए। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

३२ वर्षीया महिलालाई ०८० फागुन १६ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले बरहथवा नगरपालिका-१० का ३४ वर्षीय रामसुनर चौधरीविरुद्ध फागुन २७ गते इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दियो। घटनाका सम्बन्धमा आरोपितविरुद्ध उजुरी दर्ता गराएलगत्तै आरोपित फरार रहेकाले खोजी कार्य जारी रहेको इलाका प्रहरी कार्यालय बरहथवाका इन्स्पेक्टर सुमन बनियाले बताए। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

३६ वर्षीया महिलालाई ०८० फागुन १८ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले बरहथवा नगरपालिका-७ का ३४ वर्षीय दिपेशकुमार यादवविरुद्ध इलाका प्रहरी कार्यालय बरहथवामा फागुन २५ गते उजुरी दियो। घटनाका सम्बन्धमा आरोपितविरुद्ध उजुरी दर्ता गराएलगत्तै आरोपित फरार रहेकाले खोजी कार्य जारी रहेको इलाका प्रहरी कार्यालय बरहथवाका इन्स्पेक्टर सुमन बनियाले बताए। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

३३ वर्षीया महिलालाई ०८० चैत ११ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले बरहथवा नगरपालिका-१० का ३६ वर्षीय रामकिसुन चौधरीविरुद्ध इलाका प्रहरी कार्यालय बरहथवामा ०८० चैत १५ गते उजुरी दियो। घटनाका सम्बन्धमा उजुरी परेलगत्तै आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाका इन्स्पेक्टर सुमन बनियाले बताए। पीडितको स्वास्थ्य परीक्षण चैत १६ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

३४ वर्षीया महिलालाई ०८० चैत ९ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले बरहथवा नगरपालिका-८ का ३५ वर्षीय दिपेशकुमार चौधरीविरुद्ध इलाका प्रहरी कार्यालय बरहथवामा ०८० चैत १५ गते उजुरी दियो। घटनाका सम्बन्धमा उजुरी परेलगत्तै आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाका इन्स्पेक्टर सुमन बनियाले बताए। पीडितको स्वास्थ्य परीक्षण चैत १६ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भयो। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

**रौतहट**

३५ वर्षीया महिलालाई ०८० माघ २ गते बलात्कार गरेको आरोपमा बृन्दाबन नगरपालिका-४ का २२ वर्षीय अनिल बैठा र २१ वर्षीय सन्तोषकुमार साहविरूद्ध पीडित पक्षले माघ ६ गते इलाका प्रहरी कार्यलय गरुडामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ६ गते प्रादेशिक अस्पतालमा भयो। घटनाका आरोपितहरू ०८० चैत १८ गतेसम्म फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी जवान फजुल अन्सारीले बताए।

२३ वर्षीया महिलालाई ०८० फागुन २५ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले काभ्रे जिल्ला महाभारत गाउँपालिका-१ गोकुले घर भइ हाल रौतहट जिल्ला चन्द्रपुर नगरपालिका ससुराली घरमा बस्दै आएका २५ वर्षीय रकम थिङविरूद्ध चैत २ गते इलाका प्रहरी कार्यलय चन्द्रनिगाहपुरमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २ गते प्रादेशीक अस्पतालमा भयो। आरोपित ०८० चैत १८ गतेसम्म फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका इन्स्पेक्टर सुरेन्द्र बरतौलाले बताए।

३५ वर्षीया महिलालाई ०८० पुस १८ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले चन्द्रपुर नगरपालिका-६ का ४१ वर्षीय गणेश साह बनियाविरूद्ध पुस २४ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते प्रादेशिक अस्पतालमा भयो। आरोपित ०८० चैत १८ गतेसम्म फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका इन्स्पेक्टर सुरेन्द्र बर्तौलाले बताए।

२१ वर्षीया युवतीलाई ०८० फागुन १४ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले चन्द्रपुर नगरपालिका-२ जुडिबेलाका ३० वर्षीय रामहरि अधिकारीविरुद्ध फागुन १४ गते इलाका प्रहरी कार्यलय चन्द्रनिगाहपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते प्रादेशिक अस्पतालमा भयो। आरोपित ०८० चैत १८ गतेसम्म फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका इन्स्पेक्टर सुरेन्द्र बर्तौलाले बताए।

## पारिवारिक हत्या

**सिरहा**

सखुवानन्कारकट्टी गाउँपालिका-४ की ३० वर्षीया तंजिला खातुनलाई ०८० माघ ८ गते हत्या गरेको आरोपमा ३० वर्षीय देवर मोहमद जियाउल मियाँविरूद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा माघ ८ गते उजुरी दियो। पीडित पक्षको उजुरीका आधारमा प्रहरीले आरोपितलाई माघ ८ गते गिरफ्तार गरेको इलाका

प्रहरी कार्यालय लहानका डिएसपी भोलाकुमार भट्टले बताए। शवको पोष्टमार्टम लहानस्थित प्रादेशिक अस्पतालमा माघ ८ गते भयो। आरोपितलाई जिल्ला अदालत सिरहाले फागुन ४ गते पुर्पक्षको लागि थुनामा पठाउने आदेश गरेको छ।

लक्ष्मीपुर पतारी गाउँपालिका-६ की ५५ वर्षीया कुमियादेवी दासलाई ०८० चैत १ गते ६० वर्षीय पति श्रीदेव भन्ने रामशितल तत्माले घरायसी विवाद हुँदा बञ्चरो प्रहार गरी हत्या गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय लहानमा चैत १ गते उजुरी दियो। आरोपितलाई चैत १ गते इलाका प्रहरी कार्यालय लहानले गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम प्रादेशिक अस्पताल लहानमा चैत २ गते भयो। जिल्ला अदालतको आदेशमा आरोपित चैत २६ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन्।

गोलबजार नगरपालिका-६ की ३५ वर्षीया अनिताकुमारी साहमाथि धारिलो हतियार प्रयोग गरी ०८० फागुन २६ गते हत्या गरिएको अवस्थामा शव फेला पऱ्यो। राति खाना खाएर घरमा पति पत्नीमात्र रहेको बेला धारिलो हतियारले गर्दन काटिएको र सिलौटो टाउको माथि बजारिएको अवस्थामा घरभित्रै सुत्ने खाट नजिक शव फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी सन्तोष आचार्यले बताए। मृतकका ३८ वर्षीय पति महेन्द्र साह घर बाहिर आएपछि स्थानीयले घटनाको जानकारी पाएर प्रहरीलाई खबर गरेको एसपी आचार्यले बताए। शवको पोष्टमार्टम धरान स्थित विपी प्रतिष्ठानमा फागुन २८ गते भयो। हत्याको आरोपमा मृतकका पति महेन्द्र साहलाई फागुन २६ गते गिरफ्तार गरेको एसपी आचार्यले बताए। घटना अनुसन्धान प्रक्रियामा रहेको एसपी आचार्यले बताए।

**सर्लाही**

बलरा नगरपालिका-४ जब्दीकी २१ वर्षीया बुहारीलाई ०८० माघ १६ गते हत्या गरेको आरोपमा प्रहरीले ५८ वर्षीया सासू बनारसी देवी सहनीविरूद्धलाई माघ १७ गते गिरफ्तार गऱ्यो। मृतकको शव माघ १७ गते उनकै घर भित्र खाटमा शङ्कास्पद अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका एसपी प्रविण धितालले बताए। मृतकको घाँटी र शरीरमा डाम समेत देखिएको उनले बताए। घटनाका अन्य आरोपितहरू २६ वर्षीय पति छोटेलाल सहनी र ६१ वर्षीय ससुरा जयनारायण सहनी ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्। शवको पोष्टमार्टम माघ १७ गते प्रादेशिक अस्पताल मलङ्गवामा भयो। गिरफ्तार भएकी आरोपितविरुद्ध माघ २१ गते मुद्दा दर्ता गरी अनुसन्धान अगाडि बढाइएको र अन्य आरोपित गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए।

**रौतहट**

बृन्दावन नगरपालिका-१ बलेरी टोलकी ३५ वर्षीया सेतीमाया वाइवालाई ४० वर्षीय पति तिर्थ वाइवाले ०८० चैत १४ गते हत्या गरी आत्महत्या प्रयास गरेको पीडित पक्षको आरोप छ। घाँस काट्न गएका पति पत्नीबिच विवाद हुँदा आरोपितले पत्नीलाई बागमती नदीको बगरमा हँसियाले घाँटी रेटेर हत्या गरेको प्रहरीले जनायो। मादक पदार्थ सेवन गरेका आरोपितले पत्नीको हत्या गरी घर आँगनमा आइ आफूले पत्नीको हत्या गरेको बताउनुका साथै आफ्नो घाँटीमा समेत सोही हँसियाले रेटेर आत्महत्याको प्रयास गरेको इलाका प्रहरी कार्यालयका डिएसपी ओमप्रकाश खनालले बताए। आत्महत्या प्रयास गर्दा गम्भीर घाइते भएका आरोपितलाई स्थानीय र प्रहरीको सहयोगमा चन्द्रनिगाहपुरको चन्द्रपुर हस्पिटल प्रा लिमा भर्ना गरियो। घटनाका बारेमा थप अनुसन्धान भइरहेको डिएसपी खनालले बताए। शवको पोस्टमार्टम चैत १४ गते प्रादेशिक अस्पताल गौरमा गरियो।

## दाइजोका कारण कुटपिट

**सर्लाही**

कौडेना गाउँपालिका-६ इनरवाकी २६ वर्षीया दिपिका देवी मण्डललाई दाइजोमा मोटरसाइकल नदिएको भन्दै ०८० माघ १९ गते कुटपिट गरेको आरोपमा पीडित पक्षले २७ वर्षीय पति सुर्यनारायण मण्डल र ४६ वर्षीया सासू सकुनिया देवी मण्डलविरूद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा माघ २८ गते उजुरी दियो। पीडितको उपचार माघ २० गतेदेखि २२ गतेसम्म जिल्ला अस्पताल मलङ्गवामा भएको र उपचारपछि पीडित माइती घर चक्रघटा गाउँपालिका-८ सुन्दरपुर बस्दै आइरहेको पीडितका बुबा सखुरी मण्डलले बताए। पीडित र आरोपित मण्डलबिच ०७९ फागुन २१ गते विवाह भएको थियो। विवाहमा नगद २ लाख रुपियाँ र फर्निचरका सामग्री दिएपनि मोटरसाइकल नदिएको भन्दै आरोपितहरूले पीडितलाई कुटपिट गर्ने गरेको पीडितका बुबाको आरोप छ। उजुरी पश्चात आरोपितहरू फरार रहेकाले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दीपेन्द्र पञ्जियार थारुले बताए। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

कौडेना गाउँपालिका-५ मोतिपुरकी २४ वर्षीया रानी कुमारी महतोलाई दाइजोमा दुई तोला सुन र १० तोला चाँदी नल्याएको आरोपमा २५ वर्षीय पति राजिब कुमार महतो, ४७ वर्षीया सासू रामवती देवी महतो नुनिया र ५१ वर्षीय ससुरा महिन्द्र महतोले ०८० फागुन ११ गते कुटपिट गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय मलङ्गवामा फागुन १७ गते उजुरी दियो। कुटपिटका कारण घाइते भएकी पीडितको उपचार फागुन १३ गतेदेखि १५ गतेसम्म जिल्ला अस्पताल मलङ्गवामा भयो पीडित हाल माइतीघर महोतरी जिल्ला सोनमा गाउँपालिका-४ मा बस्दै आएकी छन्। पीडित र आरोपित राजिबकुमार महतोबिच ०७८ फागुन १८ गते विवाह भएको थियो। विवाहमा नगद १ लाख ५० हजार रुपियाँ र फर्निचरका सामग्रीहरूसँगै थप दाइजो नल्याएको भन्दै आरोपितहरूले पीडितलाई कुटपिट गर्नुका साथै शारीरिक तथा मानसिक यातना समेत दिएको पीडितका दाजुको आरोप छ। उजुरी पश्चात आरोपितहरू फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दीपेन्द्र पञ्जियार थारुले बताए। आरोपित ०८० चैत १८ गतेसम्म गिरफ्तार भएनन्।

गोडैता गाउँपालिका-७ की २२ वर्षीया सूर्यकलाकुमारी साहलाई दाइजोमा तीन तोला सुन र १० तोला चाँदी नल्याएको भन्दै ०८० फागुन १९ गते २५ वर्षीय पति शम्भुकुमार साह र ४४ वर्षीया सासू मखनीया देवी साहले कुटपिट गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय गोडैतामा फागुन २७ गते उजुरी दियो। पीडित महिलाको उपचार फागुन २० गतेदेखि २३ गतेसम्म जिल्ला अस्पताल मलङ्गवामा भयो। उपचार पश्चात पीडित माइती घर महोत्तरी जिल्ला सोनमा गाउँपालिका-३ मा बस्दै आएकी छन्। पीडित र आरोपितबिच ०७९ वैशाख १६ गते विवाह भएको थियो। विवाहमा नगद २ लाख ५० हजार रुपियाँ र फर्निचरका सामग्री दिएपनि थप दाइजो बापत सुन र चाँदी नदिएको भन्दै आरोपितहरूले पीडितलाई कुटपिट गर्नुका साथै शारीरिक तथा मानसिक यातना दिने गरेको पीडितले बताइन्। उजुरी पश्चात आरोपितहरू फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय गोडैताका असई विश्वनाथ यादवले बताएपनि ०८० चैत १८ गतेसम्म आरोपित गिरफ्तार भएनन्।

**पर्सा**

वीरगंज महानगरपालिका-२४ रामगढवामा ०८० फागुन २८ गते राति दाइजोको विषयमा विवाद भएको छ। विवाद भएपछि विवाह छोडी जान लागेका बेहुलासहित बेहुला पक्षका पाँच जनालाई जिल्ला प्रहरी कार्यालय मातहतको वडा प्रहरी कार्यालय श्रीपुरले सोही राति गिरफ्तार गऱ्यो। विवाहमा दाइजो स्वरुप सुनका गहनाहरू, नगद, मोटरसाइकल, ल्यपटप, कपडा पाएतापनि सुनको सिक्री नपाएको भन्दै बेहुला पक्षले बेहुली पक्षसँग विवाद तथा हातपात गर्दै विवाह छोडी जान लागेको भन्ने मौखिक सूचना प्राप्त हुनासाथ बेहुलासहित पाँच जनालाई नियन्त्रणमा लिएको वडा प्रहरी कार्यालय श्रीपुरका इन्स्पेक्टर धर्मजङ्ग थिङले बताए। दाइजो स्वरुप सुनको सिक्री नदिएको भन्दै बेहुला तथा बेहुला पक्षका आफन्तहरूले बेहुली पक्षकाहरूसँग वादविवाद गरी हातपातसमेत गरेर विवाह छोडी जान लागेकोले बाराको कलैया उपमहानगरपालिका-४ निवासी २८ वर्षीय उमेश साह (बेहुला), बेहुलाका बुबा ६० वर्षीय बच्चालाल साह गोढ, दाजुहरू ४२ वर्षीय राकेश साह र ४० वर्षीय मुकेश साह, र परवानीपुर नगरपालिका वडा नं ५ का ४५ वर्षीय आनन्द साह (बेहुलको भिनाजु) सहित पाँच जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। बेहुला उमेश साह वीरगंज महानगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत कम्प्युटर अपरेटर हुन्। बेहुली पक्षका अनुसार दाइजोमा नगद ८ लाख ५० हजार रुपियाँ, मोटरसाइकल बापत नगद ३ लाख २५ हजार रुपियाँ, ६५ हजार रुपियाँको एक थान ल्यापटप, ४० हजार रुपियाँ मुल्यको सुनको सिक्री विवाह अगाडि नै दिइसकेको थियो। जिल्ला अदालतले चैत ११ गते बेहुलालाई २ लाख रुपियाँ, बेहुलाका बुबालाई १ लाख रुपियाँ, बेहुलाका दाजुहरू र भिनाजुलाई जनही २५/२५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। ०८० चैत १८ गतेसम्म मुद्दाको फैसला भएन।

## 'बोक्सी' आरोपमा कुटपिट

**सर्लाही**

बलरा नगरपालिका-७ की ३९ वर्षीया फुलोदेवी यादवलाई सोही ठाउँका ३६ वर्षीय रामदिनेश कुमार महतोले ...बोक्सी' को आरोपमा ०८० फागुन ६ गते कुटपिट गरेको भन्दै पीडितले आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय गडहियामा ०८० फागुन १७ गते उजुरी दिइन्। उजुरी पश्चात आरोपित पक्षले फागुन १६ गते गाउँमै मिलापत्र गर्न दबाब समेत दिएको पीडितको आरोप छ। पीडितको उपचार फागुन ७ गतेदेखि ८ गतेसम्म प्रादेशिक अस्पताल मलङ्गवामा भयो। पीडितको घाउजाँच पुनः फागुन १८ गते भयो। घटनाबारे अनुसन्धान गरी दोषी उपर कानुन बमोजिम कारबाही गर्ने इलाका प्रहरी कार्यालय गडहियाका सई रामप्रवेश यादवले बताएपनि ०८० चैत १८ गतेसम्म आरोपित गिरफ्तार भएनन्।

चक्रघटा गाउँपालिका-८ औरहीकी ४१ वर्षीया सदिना खातुनलाई ०८० फागुन ८ गते ...बोक्सी'को आरोपमा कुटपिट गर्नुका साथै अभक्ष कोच्याउने प्रयास समेत गरेको भन्दै सोही ठाउँका ३३ वर्षीय सुजयकुमार यादव र ३० वर्षीय सुनिल यादवविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय मल वामा ०८० फागुन १८ गते उजुरी दिए। पीडितले फागुन ११ गते जिल्ला प्रहरी कार्यालय मलङ्गवामा टेलिफोनमार्फत जानकारी गराएपछि आरोपितहरूले पुन: कुटपिट गरेको पीडित खातुनले आरोप लगाइन्। पीडितको उपचार फागुन ९ गतेदेखि ११ गतेसम्म प्रादेशिक अस्पताल मलङ्गवामा भयो भने घाउजाँच फगुन १८ गते भयो। घटनाबारे अनुसन्धान गरी दोषी उपर कानुनी कारबाही गर्ने जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपेन्द्र पंजियार थारुले बताएपनि ०८० चैत १८ गतेसम्म आरोपित गिरफ्तार भएनन्।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**मधेश प्रदेशद्वारा प्रकाशित**

**संयोजन** : राजु पासवान, **सम्पादन** : मोहनकुमार चौधरी

जनकपुरधाम उपमहानगरपालिका-४, पिडरिया माइस्थान, धनुषा, फोन नं. ०४१-५९११८४

इमेल : Janakpur@insec.org.np, Website : www.inseconline.org